# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।०२ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कास्की, पोखरा महानगरपालिका न्यायिक समितिको सदस्य भावना श्रेष्ठ समेतलाई बाटोको विवाद विषयको निर्णय गर्दा आफ्नो पक्षमा पार्नको लागि रविन कुमार श्रेष्ठले रु.२,००,०००।— घुस/रिसवत दिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पोखरा महानगरपालिका कास्कीका तत्कालीन न्यायिक समिति सदस्य एवं पोखरा महानगरपालिका वडा नं ०९ का वडा सदस्य भावना श्रेष्ठले** पोखरा महानगरपालिकाको न्यायिक समितिमा विचाराधीन पोखरा २६ को बाटोको निकास सम्बन्धी विवादमा निवेदक रविन कुमार श्रेष्ठको पक्षमा निर्णय गर्न गराउनको लागि निज रविन कुमार श्रेष्ठसँग घुस/रिसवत वापत रु. २,००,०००।– लिएको स्थापित भएको हुँदा निज भावना श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु. २,००,०००।– (दुई लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय गरी लिइसकेको घुस/रिसवत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम जफत हुन मागदाबी लिइएको छ।

**जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. २६ बस्ने रविन कुमार श्रेष्ठले** पोखरा महानगरपालिकाको न्यायिक समितिमा विचाराधीन रहेको बाटोको विवादमा न्यायिक निरुपण गरी/गराई फाइदा आफ्नो पक्षमा पुग्ने गरी निर्णय गराउन, न्यायिक समितिका सदस्य एवं राष्ट्रसेवकको हैसियतमा रहेकी प्रतिवादी भावना श्रेष्ठलाई रु. २,००,०००।—घुस/रिसवत दिएको स्थापित भएकोले निज रविन कुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम बिगो रु. २,००,०००।– (दुई लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस/रिसवत जफत हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल